प्रेस विज्ञप्ति

माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलज्यूसँग आज मिति २०७६ फागुन २२ गते उहाँकै कार्यकक्षमा नेपालका लागि भारतका नवनियुक्त महामहिम राजदूत श्री विनय मोहन क्वात्राले शिष्टाचार भेट गर्नुभयो ।

शिष्टाचार भेटको प्रारम्भमा माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीले भारत सरकारको तर्फबाट नेपालका लागि नवनियुक्त महामहिम राजदूत श्री क्वात्रालाई स्वागत गर्दै उहाँको कार्यकालमा नेपाल र भारतबीचको सदीयौं पुरानो मैत्रीपूर्ण सम्बन्ध थप प्रगाढ बन्ने विश्वास व्यक्त गर्नुभयो । नेपाल र भारतबीच सांस्कृतिक, भौगोलिक, ऐतिहासिक र जनस्तरमा समेत अन्योन्याश्रित सम्बन्ध रहेको चर्चा गर्नुहुँदै दुई मुलुकबीच रहेको बहुआयामिक सम्बन्धलाई समयको परिवर्तनसँगै थप परिमार्जन गरी सुदृढ बनाउँदै जानुपर्ने खाँचो रहेको कुरा माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीले औंल्याउनु भयो । नेपाल र भारतका सेनाहरूबीच समेत अत्यन्त असल र सहयोगात्मक सम्बन्ध रहेको कुरा चर्चा गर्नुहुँदै माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीले नेपालको आर्थिक सामाजिक विकासमा भारत सरकारले पुऱ्याउँदै आएको सहयोगका लागि आभार व्यक्त गर्नुभयो । भेटवार्ताको क्रममा आफूले गत हप्ता भारतका माननीय रक्षा मन्त्री श्री राजनाथ सिंहलाई नेपाल भ्रमणको निम्ता पठाएको कुरा स्मरण गर्नुहुँदै माननीय उपप्रधानमन्त्रीले उपयुक्त समयमा भारतका रक्षा मन्त्रीबाट नेपालको भ्रमण हुने विश्वास व्यक्त गर्नुभयो ।

शिष्टाचार भेटका क्रममा नवनियुक्त भारतीय राजदूत श्री विनय मोहन क्वात्राले नेपाल भारतबीचको सम्बन्ध सरकार-सरकार बीचमा मात्र नभएर जनस्तरसम्म समेत अत्यन्त सुदृढ रहेको कुरा उल्लेख गर्नुहुँदै आफ्नो कार्यकालमा दुई देशबीच रहेको सुमधुर,मैत्रीपूर्ण र पारस्परिक सहयोगात्मक सम्बन्धलाई थप प्रगाढ बनाउन आफूले  सक्दो पहल गर्ने कुरा व्यक्त गर्नुभयो । उहाँले सबैभन्दा नगिचको छिमेकी राष्ट्रको रूपमा भारतले नेपालको आर्थिक-सामाजिक विकासमा उपलब्ध गराउँदै आएको सहयोगलाई आगामी दिनमा पनि निरन्तर जारी राख्ने विचार व्यक्त गर्नुभयो ।उहाँले माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीले भारतका माननीय रक्षा मन्त्रीलाई नेपाल भ्रमणको लागि पठाउनुभएको निमन्त्रणाका लागि हार्दिक कृतज्ञता व्यक्त गर्नुहुँदै भारतका माननीय रक्षा मन्त्रीज्यूबाट यथाशीघ्र नेपाल भ्रमण हुने व्यवस्था मिलाउन आफूले आवश्यक पहल गर्ने कुरा व्यक्त गर्नुभयो ।

भेटवार्ताको अन्त्यमा माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूले नवनियुक्त भारतीय राजदूतलाई उहाँको नेपालको कार्यकाल सफल रहोस् भनी शुभकामना व्यक्त गर्नुभयो ।

शिष्टाचार भेटका अवसरमा रक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयका वरिष्ठ प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो ।

**रक्षा मन्त्रालय**
सिंहदरबार, काठमाण्डौं
२२ फागुन २०७६

(सन्तबहादुर सुनार)
सहसचिव एवं प्रवक्ता